annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक १७० पृष्ठ ८ | काठमाडौं, मंगलबार ६ कात्तिक २०८१ | कार्तिक कृष्णपक्ष पञ्चमी नेपाल संवत् ११४४ | TUESDAY, OCTOBER 22, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०


कभर स्टोरी

# नेपालमा धनी गरिबबीच खाडल बढ्दो

पछिल्लो नेपाल जीवनस्तर सर्वेक्षणअनुसार नेपाली घर परिवार र प्रतिव्यक्ति औसत वार्षिक आम्दानी बढेको छ। तर, गरिब र धनीबीचको खाडल भने ठूलो छ। धनी झन्-झन् धनी भइरहेका छन् भने गरिब अझै गरिब भइरहेका छन्। संविधानले प्रत्याभूत गरेको सामाजिक न्याय र समाज उन्मुख समाजको निर्माणमा यो असमानताले विरोधभास कायम गरेको छ।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | *काठमाडौं*
– को रिपोर्ट




## भारत र चीनबीच विवादित सीमा गस्तीसम्बन्धी सम्झौता

**नयाँ दिल्ली** (एजेन्सी) : भारतले सोमबार छिमेकी चीनसँग अत्यन्त विवादित सीमा क्षेत्रहरूमा सैन्य गस्तीका लागि सम्झौता गरेको बताएको छ। यसले सन् २०२० मा दुवै मुलुकका प्रतिद्वन्द्वी सेनाहरू भिडेका बेला उत्पन्न भएका समस्याहरूको समाधान गर्ने लक्ष्य राखेको छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी रूसमा हुने ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुने अपेक्षा गरिएको एक दिनअघि यो घोषणा आएको छ। सम्मेलनमा चिनियाँ राष्ट्रपति सी जिनपिङको पनि उपस्थिति हुने अपेक्षा गरिएको छ।

विश्वका दुई सबैभन्दा धेरै जनसंख्या भएका राष्ट्रहरू चीन र भारत गहन प्रतिद्वन्द्वी हुन् र दुवैले नियमित रूपमा एकअर्कालाई वास्तविक नियन्त्रण रेखा भनिने अनौपचारिक विभाजन रेखा वरिपरि क्षेत्र कब्जा गर्ने प्रयास गरेको आरोप लगाउँदै आएका छन्।

» बाँकी पृष्ठ ६

## विपक्षी दललाई अध्यादेशको भय

**अन्नपूर्ण** | *काठमाडौं*

सरकारले राजनीतिक दल विभाजनसम्बन्धी अध्यादेश ल्याउन लागेको भन्दै विपक्षी दलमा हलचल उत्पन्न भएको छ। साना दललाई फुटाउने उद्देश्यको साथ सरकारले अध्यादेश ल्याउन लागेको भन्दै विपक्षी दल हच्किएका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाउँदै उनीहरू दललाई विभाजन गर्ने उद्देश्य राखेर राजनीतिक दलसम्बन्धी अध्यादेश नल्याउन चेतावनी दिएका छन्।

राज्यसामु आएका जल्दाबल्दा समस्यालाई सम्बोधन गर्न संसद्मा रहेका प्रतिपक्ष दलको समेत सल्लाह सहयोग लिई एकताको सन्देश प्रवाह गर्नुको साटो सरकार टिकाउन दुई दलीय तानाशाही लाद्न खोजेको आरोप पनि उनीहरूले आरोप लगाएका छन्। ज्ञापनपत्रमा प्रमुख प्रतिपक्ष दल एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल रास्वपाका उपसभापति डोलप्रसाद अर्याल, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन र प्रभु शाहले हस्ताक्षर गरेका छन्। सुरुवाती दिनमा सुशासन, भ्रष्टाचार नियन्त्रण, विकास निर्माणको अभियान चलाउने लगायतका ठूलो आवाज गरेको वर्तमान सरकारले गठनको झन्डै एक सय दिन पुग्न लाग्दा पनि प्रतिबद्धताअनुसार काम नगरेको उनीहरूको आरोप छ। उनीहरूले सरकारको भनाइ र गराइमा कुनै तादात्म्यता देखिन छोडेको बताएका छन् । सुशासन र प्रभावकारी सेवा प्रवाहका विषयमा सरकारले कुनै पनि कदम नचालेर सुशासनलाई कमजोर बनाएको ज्ञापनपत्रमा उल्लेख छ । अदालतमा मुद्दा खेपिरहेका व्यापारीको पक्षमा स्वयं प्रधानमन्त्रीले नै पक्षपोषण गर्नु र प्रधानमन्त्रीकै दलले करिब १ अर्बभन्दा बढी मूल्यको जग्गा गैरकानुनी रूपमा 'दान'का रूपमा लिएर सुशासनको उपहास गर्ने कार्य भएको विपक्षीको आरोप छ।

» बाँकी पृष्ठ ६

## क्युआर कोडमार्फत फाइल ट्र्याकिङ


**सुनिता कार्की** | *काठमाडौं*

सरकारले क्युआर कोडमार्फत फाइल ट्र्याकिङ गर्ने प्रणालीलाई परीक्षणको रूपमा प्रयागमा ल्याउने भएको छ। नेपाल सरकारका सचिवहरूको सोमबार बसेको बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट विकसित गरिएको क्युआर कोडलाई फाइल ट्र्याकिङमा प्रयोग गर्ने निर्णय गरेको हो।

मुख्यसचिव एकनारायण अर्यालको अध्यक्षतामा बसेको सचिवहरूको बैठकले आयोजनामा देखिएको दोहोरोपना हटाउने एवं पूर्वतयारी तथा प्रतिवेदन गर्ने कामलाई प्रभावकारी बनाउने उद्देश्यले क्यूआर कोड सञ्चालनमा ल्याउने निर्णय गरेको हो। हरेक वर्ष विभिन्न पूर्वाधारका एउटै आयोजनाहरू दोहोरिने, काम नहुने तर बजेट मात्र छुट्ट्याइनेलगायतका समस्याहरू आउने गरेका छन्। यसले आयोजना कार्यान्वयनमा समस्या, पूर्वाधार विकासलगायतमा असर गरिरहेको छ। सोका आधारमा आवश्यक परिमार्जन गरी सबै निकायले प्रयोग गर्ने व्यवस्था मिलाउने पनि बताइएको छ।

यस्तै, बैठकले अन्य ७ निर्णयहरू पनि गरेको छ। जसमा द्रुत गतिमा विपद् राहत, अस्थायी आवास एवं संरचना निर्माण तथा पुनर्निर्माणका कार्यलाई अगाडि बढाउन सम्बन्धित सबै निकायले प्रभावकारी रूपमा काम गर्ने निर्णय भएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्को कात्तिक २ मा सम्पन्न बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति तत्काल र निरन्तर रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई उपलब्ध गराउने निर्णय पनि बैठकमा गरिएको छ।

यस्तै, उक्त बैठकले राष्ट्रिय सतर्कता केन्द्रले हेलो सरकारमा परेका उजुरी अध्ययन गरी संवेदनशील कार्यलयहरूमा हुन सक्ने भ्रष्टाचारजन्य कार्यको निगरानी गर्ने पनि निर्णय गरेको छ। हेलो सरकारमा तीनै तहको सरकारको सार्वजनिक निकायहरूबाट आर्थिक वर्ष २०७७/०७८ मा ६ हजार ७ सय ८३ वटा, आर्थिक वर्ष २०७८/०७९ मा १० हजार ९ सय २२ वटा, आर्थिक वर्ष २०७९/८० मा ११ हजार ९ सय ३२ वटा र यस प्रतिवेदन अवधिमा १६ हजार १ सय ३५ वटा गुनासो आवश्यक कारबाहीका लागि सम्बन्धित निकायहरूमा पठाइएको प्रतिवेदनमा उल्लेख छ। सम्बन्धित निकायबाट उक्त अवधिमा ७ हजार ८ सय १० वटा गुनासो फर्स्योट भएको देखिन्छ। यो फर्स्योट दर प्रतिवेदन अवधिको कुल गुनासोको ४८.४० प्रतिशत हुन आउँछ। यस अवधिको बाँकी गुनासोमध्ये ८ हजार १ सय ३८ वटा गुनासाहरू सम्बन्धित निकायबाट कारबाहीको क्रममा रहेको तथा १ सय ८७ वटा गुनासो समाधान भई हेलो सरकार शाखाबाट फर्स्योट हुने क्रममा रहेको बताइएको छ।




सचिवहरूको बैठकले सबै निकाय/कार्यालयहरूमा कर्मचारीको उपस्थिति र अनुशासन एवं सेवाप्रवाहको अनुगमन गरी सोको प्रतिवेदन मासिक रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने पनि निर्णय गरेको छ। सरकारी कर्मचारीहरू कार्यालय समयमा पनि उपस्थित नहुने, बाहिर हुनेलगायतका कारणले जनगुनासो बढिरहेपछि यसमा पनि निगरानीका लागि पहल सुरु गरिएको हो।

यस्तै, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले एकीकृत डाटा व्यवस्थापन केन्द्रमा आवश्यक स्थायी दरबन्दी थप गरी केन्द्रको स्तरोन्नति गर्ने निर्णय भएको छ। सो निकायलाई सक्रिय गराई सूचना प्रविधिको माध्यमबाट सेवाप्रवाह र कार्यसम्पादन गर्ने प्रणालीलाई मजबुत बनाउने र हाल प्रयोगमा रहेका सफ्टवेयरको स्तरोन्नति गर्ने कार्यलाई अगाडि बढाउने भनिएको छ।

» बाँकी पृष्ठ ६

